# हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ)
## (वार्षिक प्रतिवेदन २०८१/०८२)



कावासोती नगरपालिका २,  नवलपरासी
ई-मेल : hicodef@ntc.net.np
वेभ साइट: www.hicodef.org.np
फोन नं. ०७८- ५४०१७२/५४०२१२

# प्राक्कथन

कोभिड-१९ को महामारी, त्यसपछी ब्याप्त रहेको आर्थिक सुसुप्तता लगायत आम समाजमा परेको प्रतिकुल प्रभावका कारणले सिर्जित विविध समस्याहरुको सम्बोधन गर्दा गर्दै समसामयिक विश्व नै एक प्रकारको अलमलमा रहेको अवश्था कायमै छ । यस वर्ष अमेरिकी सरकारको नीति परिवर्तन संगै गैर सरकारी क्षेत्रमा काम गर्ने संस्था र उनिहरुको श्रोतमा ठुलो संकुचन देखा पऱ्यो । यसका कारण संस्थाहरु लगायत कैयौं कर्मचारीहरुमा पनि रोजगारी गुम्ने लगायतका प्रतिकुल अवश्थाहरु सिर्जना भए । यस परिवेशमा सामाजिक क्षेत्रमा काम गरिहेको हिमालयन सामुदायिक विकास मन्च (हिकोडेफ) पनि यि सबै कारणहरु बाट प्रत्यक्ष तथा परोक्ष रुपमा प्रभावित त भयो नै । बर्तमान अवश्थामा प्रतिकुल अवश्थामा हाम्रा प्रयासहरुका बावजुद नयाँ परियोजनाहरु आउन निकै कठिन छ । गत आर्थिक वर्षमा सरकारमा नै हस्तान्तरण भएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम पछि यस आर्थिक वर्षको अन्त्य सम्म नयाँ परियोजना खोजिका हाम्रा धेरै प्रयासहरु सफल हुन सकेनन् ।

द ग्लेसियर ट्रष्टसंगको साझेदारीमा संचालित अनुकुलनका लागि तले खेती (LFAP) कार्यक्रमको ५ वर्षे अवधि समापन भएपछी अर्को लामो अवधिको परियोजना शुरु गर्न सकिएन । तसर्थ गत परियोजनाबाट हासिल गरिएका उपलब्धिहरुको संरक्षण गर्ने उद्धेश्यका साथ तत्कालका लागि एउटा नौ महिने (आगामी डिसेम्बर २०२५ सम्म) कार्यक्रम बनाएर केही थप समुदायमा पनि परियोजनाका सकारात्मक उपलब्धिहरुलाई विस्तार गरिएको छ । आगामी वर्षमा साझेदार संस्था द ग्लेसियर ट्रष्टसंगको सहमतिमा कसरी अगाडी बढने भन्ने कुराको तय गरिनेछ ।

लामो समय देखी संचालनमा रहेको सामुदायिक झोलुंगे पुल कार्यक्रमको संचालनलाई यस वर्ष पनि निरन्तरता दिईयो यद्यपी यस बर्ष झोलुंगे पुल कार्यक्रमका भनेर स्थानीय निकायहरुमा ज्यादै न्यून रकम विनियोजित भएकाले संख्यात्मक रुपमा धेरै पुलहरुमा हात हाल्ने अवश्था रहेन । यस वर्ष हिकोडेफ मार्फत एकदमै थोरै कार्यक्रम संचालन भएका हुनाले सामान्य भौगोलिक कठिनाई बाहेक अन्य कुराको खासै बाधा रहेन । सानो रुपमा नै भएपनि हिमालयन सामुदायिक विकास मन्चले समुदायका गरिब, दलित, महिला, बालबालिका तथा सिमान्तकृत परिवारहरुलाई विकासका मुलधारमा ल्याउने र वन वातावरण, जीविकोपार्जिन लगायतका आधारभुत आवश्यकताहरुमा पहुँचको सृजना गरी सामाजिक विभेद कम गर्ने साँढे दुई दशक देखीको प्रयास लाई निरन्तरता दिएको छ ।

यस आर्थिक वर्पको अन्त्य तिर भने हामिले Catholic Relief Services (CRS) नामक अर्न्तराष्ट्यि गैर सरकारी संस्था मार्फत एउटा नयाँ परियोजनामा हात हाल्ने मौका पाएका छौं । जुन २०२५ देखी कार्यान्वयन शुरु भएको यस परियोजनामा लागि प्रतिवेदनको अवधि सम्ममा कर्मचारी छनौट तथा अभिमुखिकरण, विस्तृत कार्ययोजना निर्माण, स्थानीय निकायहरुमा कार्यक्रमको थालनी तथा प्रारम्भिक प्रशासनीक कामहरु मात्र सम्पन्न भएका छन ।

हिकोडेफले संस्थागत प्रयोजनका लागि निर्माण गरेको शटरको उपयोग यस वर्ष पनि हुन सकेन, न त तालिम हलको नै पूर्ण उपयोग हुन सक्यो जसका कारण संस्थाको आफ्नै नियमित आम्दानी पनि यस प्रतिवेदन अवधिमा खासै हुन सकेनन । यावत कठिनाईहरुका बावजुद पनि हामि हाम्रो संस्थागत उद्देश्यमा प्रतिवद्ध छौं । हिकोडेफ परिवार सामाजिक अभियानमा हामीलाई आर्थिक, भौतिक, नैतिक सहयोग पुऱ्याउनु हुने सम्पुर्ण सहयोगी सरकारी तथा गैरसरकारी संघसंस्था तथा व्यक्ति तथा समुदायमा हार्दिक कृतज्ञता ब्यक्त गर्दछ र आफ्नो यात्रामा अविचलित रहने प्रण गर्दछ ।

## पृष्ठभूमीः
विपन्न तथा सिमान्तकृत समुदायको अधिकार, उनीहरुको जीविकोपार्जन तथा प्रत्यक्ष विकास निर्माणका साझा सवाल/समस्याहरुका विषयमा आवाज उठाउँदै पछाडि पारिएको र दुर्गम क्षेत्रलाई प्राथमिकता दिदै २०५५ साल देखी हिकोडेफले आफ्ना विभिन्न खालका परियोजनाहरु सञ्चालन गर्दै आईरहेको छ । यसरी स्थानीय स्तरमा परिचालन गरिएका कृयाकलापहरुको प्राप्त उपलब्धी, अवसर, भोगिएका नयाँ समस्याहरु, चुनौति र सिकाइहरुलाई समेटेर प्रत्येक कार्यक्रमको बेग्लाबेग्लै प्रतिवेदन सम्बन्धित निकायमा नै पेश गर्ने गरिन्छ । यो वार्षिक प्रतिवेदन चाहिँ समग्र रुपमा हिकोडेफले २०८१ साउन देखी २०८२ असार सम्म गरेका काम र अनुभवको ऐतिहासिक सिकाई सामाग्री हुने गरी बार्षिक प्रतिवेदनको रुपमा लिखित गरेर राखिएको छ ।

## संस्थाको परिचयः

## संस्थाको परिकल्पना (VISION):
हिकोडेफले त्यस्तो समाजको परिकल्पना गरेको छ जहाँ कुनै प्रकारको भेदभाव, शोषण, उत्पीडन र गरीवी हुदैन र प्रत्येक मानिसले मर्यादित जीवन यापन गर्न पाउँछन् ।

## संस्थाको परिलक्ष्य (MISSION) :
सामुदायिक सशक्तिकरणको प्रक्रियाबाट कुनै प्रकारको भेदभाव, शोषण र गरिवी नभएको समाजको सृजना गर्न सहयोग पुऱ्याउनु नै हिकोडेफको लक्ष्य हो ।

## संस्थाको मुल्य/मान्यता (VALUE) :

समादार–समता–पारदर्शिता–गुणस्तरीयता–उत्कृष्टता–तटस्थता

## संस्थाको उद्देश्यहरु (Objectives):
- सहभागिमुलक पद्धतिबाट एकिकृत सामुदायिक विकास कार्यक्रम संचालन गर्ने ।
- समुदाय तथा अन्य संघ संस्थाको आवश्यकता अनुसार सामाजिक अनुसन्धान गर्ने ।
- अन्य समान उद्देश्य बोकेका संघ संस्थाहरुसंग हातेमालो गरी आफ्नो सामुदायिक विकास कार्यहरुबाट प्राप्त अनुभवको आधारमा गरिब, दलित, महिला, बालबालिका एवं उपेक्षित पछाडी पारिएका समुदायको लागि वकालात/पैरवी गर्ने ।
- समुदाय तथा स्थानीय संघ संस्थाहरुको आवश्यकता अनुसार क्षमता अभिबृद्धी तालिमहरु संचालन गर्ने

## संस्थाको रणनीतिक कार्य शैली (Strategies):

क) शसक्तिकरण
ख) वकालत तथा पैरवी
ग) साझेदारी
घ) सहभागिमुलक
ङ) अधिकार जन्य पद्द्ती
च) आकस्मिक राहत
छ) लैंगिक तथा बालबालिका संवेदनशिलता

यस वर्ष कायम रहेको साधारण सदस्यता विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| २८ | ३९ | **६७** | ४ | ३२ | ३ | २८ |

कार्यकारिणी समिति विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| ५ | ४ | **९** | १ | २ | १ | ५ |

यस वर्ष कार्यरत कर्मचारी विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|
| १८ | १७ | **३५** | १ | १३ | ० | २१ |

**आ.व.२०८१/०८२ को संस्थाको मुख्य कार्यक्षेत्र:** नवलपरासी ब.सु.पू. र नवलपरासी ब.सु.प.(साविकको नवलपरासी जिल्ला) का सबै नगरपालिकाहरु र गाउँपालिकाहरु ।

**आ.व.२०८१/२०८२ मा सञ्चालन भएका परियोजनाहरु तथा साझेदारिता**

- LFAP and From Surviving to Thriving (STTP)– The Glacier Trust
- सामुदायिक झोलुङ्गे पुल - नेपाल सरकारका स्थानीय तहहरु
- (Securing and Protecting Investments & Capacities for Environmental Sustainability) SPICES – Catholic Relief Services (CRS)

# कार्यक्रमहरुको विस्तृत प्रगती विवरण:

## अनुकुलनका लागि तले खेती (LFAP)/ निवार्ह देखी समृद्धि सम्म परियोजना, STTP

## १.परियोजना पृष्ठभूमी

हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) ले संचालन गरेको विभिन्न सामुदायिक विकासका परियोजनाहरू मध्ये अनुकुलनका लागि तले खेति परियोजना (Layer farming for Adaptation Project - LFAP) पनि एक हो । यस परियोजना बेलायत स्थित गैर सरकारी संस्था The Glaicer Trust (TGT) को आर्थिक सहयोगमा विगत् 15th Sept 2019- March 2025 LFAP को नामबाट हुप्सेकोट गा पा वडा नं ५ को वसेनी, दुलुंगा, पोखरी, र धौवादी, वडा नं ४को रिपाहा, चारघरे तथा बौदिकाली गा पा, वडा नं ६ को लाहापे गाउँ ७ स्थानमा संचालन गरियो ।

परियोजनाको घोषित अवधि December 2024 मा सकिए पनि त्यसपछि कसरी अगाडी बढने भन्ने क्रममा निधो हुन नसकेकाले LFAP को तर्फबाट Jan – March 2025 तीन महिना थप गरी सोही परियोजनाको नाम बाट फिल्डमा भएका कामहरुलाई निरन्तरता दिईयो ।

त्यस पछाडी April - Dec 2025 सम्मको अवधिका लागि अन्तरिम रुपमा एउटा छुट्टै परियोजना बनाई कार्यान्वयन शुरु गरियो । निर्वाह देखि समृद्धि सम्म From Survival to Thriving (STTP) नाम दिईएको सो परियोजना LFAP को कार्यक्षेत्रका अलावा थप चार स्थान (हार्दे, राम्चे, कुटे र श्यामघा) मा गरि कुल ११ गाउँमा संचालित छ । यस परियोजनाबाट घरधुरिः कुल ३३४ घरधुरि जसमा २ घर दलित ३३२ मगर (१०४२ महिला र ११४४ पुरुष गरि २१८६ जनसंख्या) लाभान्वित भएका छन् ।

जिविकोपार्जन सुधार, खाद्य सुरक्षा र जलवायू अनुकुलनका लागि उच्च मूल्य बाली उत्पादन र बजारिकरणमा जोड दिने प्रमुख लक्ष्यका साथ यस कार्यक्रम संचालन गरिएको छ । यस परियोजनामा किसानको जिविकोपार्जनको मुख्य क्रियाकलापको रुपमा व्यवसायिक कफि खेतीलाई अगाडि सारिएको छ साथै तले खेती र घुसुवा बालिको रुपमा तरकारी तथा फलफुल र घाँस खेतीको अभ्यास पनि गरिएको छ । वातावरणीय सरसफाइ र जलवायू अनुकुलनका विषयमा यस क्षेत्रका विद्यालयका बालबलिकाहरुलाई सहभागी गराई विद्यालयमा सरसफाई अनुकलनका क्रियाकलाप, कफि रोपण जस्ता कार्यक्रममा बालबालिकाहरुको संलग्नता बढाइएको छ । यस कार्यक्रम, कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने घरधुरीहरुको सहकार्य र स्थानीय निकायको सम्पर्क समन्वय र सहकार्यमा संचालन गरिएको छ ।

यस प्रतिबेदनमा अघिल्लो परियोजना अनुकुलनका लागि तले खेति परियोजना (LFAP) समापन भै उही क्षेत्रमा उही दातृ निकायको सहायोगमा उस्तै खालका क्रियाकलापहरुमा थप ४ क्षेत्रमा समेत विस्तार गर्ने गरि नयाँ परियोजना निर्वाह देखि समृदिसम्म परियोजना (STTP) दुवैको क्रियाकलाहरु तथा उपलव्धीहरु समावेश गरिएको छ । विशेषतः अनुकुलनका लागि तले खेति परियोजना (LFAP) को 15th Sept 2024 - March 2025 सम्मको गतिविधि तथा क्रियाकलाप र उपलव्धीहरु समाबेस छन् भने निर्वाह देखि समृद्धि सम्म परियोजना (STTP) को April - 15 July 2025 सम्मको गतिविधि तथा क्रियाकलाप र उपलव्धीहरु समाबेस छन् ।

## २.परियोजनाको उद्देश्य

- परियोजना क्षेत्र भित्रका कृषकहरुलाई कृषक समूहमा आवद्ध गर्दै कार्य क्षेत्रमा ११ ओटा कृषक समूहका कम्तिमा ३३४ जना कृषकहरुमा कफि खेती सम्बन्धी क्षमताको विकास गर्ने ।
- व्यावसायिक कफि खेतीका लागि आवश्यक पर्ने औजारहरुको सहयोग तथा व्यवस्थापन गर्ने
- २ ओटा आधारभूत विद्यालयका बालबालिकाहरुलाई वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन शिक्षामा सहभागी गराइ वातावरण सरसफाई, जलवायू अनुकुलनका व्यवहारिक अभ्यासहरु गराउने ।
- कृषकहरुमा प्रभावकारी जैविक तले खेतीको अवधारणा अनुसार कफि खेती विस्तार गर्दै छायाबाली विस्तारका लागि आवश्यक पर्ने विउ विजन तथा विरुवाहरुको सहयोग गर्ने ।
- कफि खेती सम्बन्धी ज्ञान क्षमता विकास तथा विस्तार गर्न र उत्पादित कफिको सहज बजारीकरणका लागि आवश्यक निकाय संघ संस्थाहरुमा सम्पर्क समन्वय, अवलोकन ज्ञानको आदान प्रदान जस्ता कार्यक्रमको आयोजना गर्ने ।

- स्थानीय  निकायहरुसँग सम्पर्क समन्व विस्तार गरी श्रोतमा साझेदारी, कार्यक्रम प्रति अपनत्व भावना कायम गर्न सहयोग गर्ने ।

## ३.सम्पन्न गरिएका क्रियाकलाप तथा उपलब्धिहरु

**१. लक्ष्य र प्रगतिको विवरण** (16 July 2024 to 15 July 2025)

परियोजना संचालनको यस प्रतिवेदन अवधि आ व २०८१/०८२ भित्र निम्न बमोजिमको तथ्यगत उपलब्धिहरु हासिल भएका छन ।

| क्र स | **क्रियाकलापहरु** | **लक्षित संख्या** | **प्रगति संख्या** | **प्रगति प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | आधारभुत सूचना संकलन ( Baseline survey ) । | ४ | ४ | १०० | समुह |
| २ | कृषक समुह गठन | ४ | ४ | १०० | समुह |
| ३ | कृषक समुहको नियमीत फलोअप बैठक तथा स्थलगत अनुशिक्षण सहयोग | ४७ | ३१ | ६६ | पटक |
| ४ | हिउदे तरकारीका विउविजन सहयोग | १२० | १२० | १०० | घरधुरि |
| ५ | कफी खेति तालिम | ४ | ४ | १०० | समुह, पटक |
| ६ | कफि विरुवा तथा रोपाण सहयोग | ८००० | ६४५५ | ८० | विरुवा |
| ७ | परियोजनाको दातृ निकायबाट अनुगमन तथा मूल्यांकन | १ | ० | ० | |
| ८ | विद्यालय कार्यक्रम | ४ | ४ | १०० | कायक्रम |
| ९ | वडास्तरिय सरोकारवाला बैठक तथा सामाजिक लेखापरिक्षण | ३ | ३ | १०० | वडा |
| १० | सिंचाइका लागि टंकी तथा टनेल बनाउनका लागि सिलपौलिन सहयोग | १६ | १६ | १०० | घरधरि |

## ४. परियोजनाको उपलब्धिहरु :

- थप ४ ओटा कृषक समुहको आधारभुत सूचना संकलन ( Baseline survey )

- हुप्सेकोट गा.पा. वडा नं ५ मा ४ ओटा  कृषक समुह गठन  जसमा  ९५ घरधरिका ९ महिला र ८७ पुरुष आवद्ध छन, जसमध्ये सबै घरहरु मगर समुदायबाट छन् ।

- ११ कृषक समुहको   समुदाय स्तरमा संचालन गरिने हरेक क्रियाकलापहरुको निर्णय र सहमति तथा अनुगनका लागि २० पटक फलोअप बैठक  सम्पन्न भएका छन्  जसबाट ७५ महिला र २११ पुरुष गरि जम्मा २८६ जना लावान्वित भएका छन् ।

- विद्यालय कार्यक्रमः परियोजनाका विद्यालय संलग्नताका लागि  २ आधारभुत विद्यालयमा वातावरण सम्वन्धि विभिन्न क्रियाकलापहरु संचालन गरिएको  छ जसबाट ५८जना छात्रा र ६२ जना १२० जना लावान्वित भएका छन् । विद्यालयहरुका बालबालिकाहरु जलवायु सचेतना शिक्षा कार्यक्रम, विद्यालय कम्पाउड भित्र कफी विरुवा रोपण तथा नर्सरी  र करेशावारी स्थापना कार्यक्रम संचालन, विद्यालय कम्पाण्ड तथा सामुदायिक सरसफाइ

- कफी बजार सर्म्पक समन्वयका कारण कफी सहज विक्री वितरण गर्न सहज भएको छ ।

- ११ ओटा स्थलगत प्राविधिक तथा प्लाण्ट क्लिनीक संचालन सहयोग  जसबाट २११ कृषकहरुले फाइदा लिएका छन् ।  साथै यी १२० घरधुरि कृषकहरुलाई  बार्षिक रुपमा हिउदे तरकारीको विउ विजन वितरण । जसका कारण हरेक कृषकको घर घरमा करेसा बारीमा तरकारी खेति  गरेको पाइन्छ ।

- १६ कृषकहरुका लागि १००० लि. सिंचाइका लागि टंकी तथा टनेल बनाउनका लागि सिलपौलिन सहयोग

- ४कृषक समुहका १६४ जना महिला र १५८ जना पुरुष गरि ११०कृषकहरुलाई कफी खेति तालिम संचालन

- ६४५५कफी विरुवा रोपाणका लागि सहयोग  जसबाट ११८ घरधुरि लावान्वित भएका छन् ।

- ११ स्थानमा कफी विरुवा  नर्सरी स्थापना  भै स्थानिय स्तरमा  आगामी वर्षका लागि कफी विरुवा तयार हुँदैछन् ।

- यस बर्ष मात्र ९१० के.जी. कफी पार्चमेन्ट  तयारि  गरि विक्री गरेका जन जसबाट ६५कृषकले रु ५,४६,०० । आम्दानि गरेका छन् ।

- यस परियोजनाको कुल लाभान्वित संख्या :३३४ घरधुरि जसमा २ घर दलित ३३२ मगर ( १०४२महिला र ११४४ पुरुष गरि २१८६ जनसंख्या)

## सामुदायिक झोलुङ्गे पुल कार्यक्रम

## १. पृष्ठभुमी

स्थानीय बासिन्दाहरुको दैनिक जीवनयापनमा सहजता ल्याउन नेपाल सरकारले गरेको गौरवको आयोजना मध्ये सामुदायिक झोलुङ्गे पुल कार्यक्रम पनि एक महत्वपूर्ण कार्यक्रम हो । यो कार्यक्रम सफल बनाउन हिमालयन सामुदायिक विकास मञ्च ( हिकोडेफ) को समेत जिम्मेवारी महशुश गरी नवलपरासी पुर्व र पश्चिम जिल्लाहरुमा विगत २०६३ साल देखी नै सरकारी तथा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा **"सामुदायिक झोलुङ्गे पुल कार्यक्रम"** निरन्तर संचालन गरिँदै आएको छ । सामुदायिक झोलुङ्गे पुल स्थानीय समुदायद्धारा पुलको आवश्यकता महशुस गरी, समस्याको विश्लेषण सहित आवश्यक स्रोत साधनको पहिचान गरी, स्थानीय समुदायको अगुवाई तथा व्यवस्थानपनमा उपभोक्ता समिति मार्फत पुल निर्माण गरिन्छ । यस विधिले कार्यक्रम गर्दा शुरु देखी नै समुदायको स्वामित्व बोध गराई पुलको मर्मत संभार रेखदेखमा समेत स्थानीयको सहभागिता सुनिश्चित गराउँदछ जसले गर्दा पुलको दीर्घकाल सम्म उपयोग गरी समुदायलाई जीवन यापनको लागि आवश्यक सुविधाको पहुँचमा सहजता ल्याउँछ । यस क्रममा हिकोडेफको मुख्य भूमिका भनेको पुलको आवश्यकता पहिचानमा सहजिकरण, निर्माण पूर्वको चरणमा हुने सम्पूर्ण प्रकृयामा सहयोग र निर्माण देखी सम्पन्न सम्मको अवधिमा सामाजिक तथा प्राविधिक कार्यमा समुदायलाई सहयोग उपलब्ध गराई पुलको दीगोपनाका लागि मर्मत सम्भार समिति गठन गर्ने र स्थानीयवासीको रोजगारीको सुनिश्चितता कायम गराउने हो ।



हुप्सेकोट ६ को मुरलीखोलामा राखिएको सूचना पाटी

हिमालयन सामुदायिक विकास मञ्चले तत्कालिन् जिल्ला विकास समिति नवलपरासीको सहयोगमा संचालित यस कार्यक्रम वि. सं.२०६३ साल (सन् २००६) देखि हालसम्म देशको संघिय संरचना अनुसार नवलपरासी व.सु.पूर्व जिल्ला भरीको चार गाउँपालिका र एक नगरपालिका गरी पाचँ वटा स्थानीय तह तथा नवलपरासी व.सु.पश्चिमको दुई नगर पालिका र एक गाउँ पालिका गरी तीन वटा स्थानीय तह गरी जम्मा आठ वटा गा.पा. /न.पा. को सहयोगमा संचालन हुदैं आईरहेको छ । पूर्व र पश्चिम दुवै जिल्लामा हिकोडेफले यस बर्ष झो.पु.को आवश्यकता, सम्भावना, सर्भे /डि.पि.आर. निर्माणका लागि स्थानीय निकायहरु को सहकार्यमा सामाजिक तथा प्राविधिक रुपमा सेवा प्रदान गर्दे आएको छ। यो वर्ष जम्मा ४ वटा झोलंगे पुलहरुको निर्माण कार्य सम्पन्न गरी स्थानीय गा.पा. /न.पा.मा हस्तान्तरण भएको छ भने बाँकी १४ वटा पुलहरु निर्माणका विभिन्न चरणमा रहेका छन् । साथै थप सर्भेका लागि गा.पा. र न.पा हरुबाट समेत कार्यादेश लिने प्रक्रिया जारी रहेकाो छ । यि दुई जिल्लाहरुमा हिकोडेफको सहजिकरणमा सन् २००६ देखी हालसम्म जम्मा ६९ वटा झो.पु.हरु निर्माण सम्पन्न भई संचालनमा रहेका छन । यस कार्यक्रमका आ व २०८१/०८२ मा सम्पन्न गरिएका क्रियाकलापहरुको प्रगति प्रतिवेदन यहाँ उल्लेख गरिएको छ ।



यस वर्ष निर्माण सम्पन्न बर्दघाट नपा अर्न्तगतको नारायणचोक गंगाबस्ती मल्टी स्पान टस बृज

## २. कार्यक्रमको लक्ष्य

विशेष गरी ग्रामीण क्षेत्रमा भौतिक विकासको रुपमा बाटामा पुल नभएर विद्यालय जान नसक्ने, पछाडि परेका विपन्न एवम् वञ्चितीमा परेका सीमान्तकृत समुदायको विकास एवम् सशक्तीकरणका माध्यमबाट उपलब्ध श्रोत, साधन, सेवा सुविधामा पहुंच, निर्णय प्रकृयामा सहभागिता, नियन्त्रण सृजना गरी सेवा प्रदायकलाई समुदायको हितमा हुने विकास कार्यमा प्रभाव पार्दै उत्तरदायी एवम् प्रभावकारी रुपमा सेवा प्रदान गरी समुदायको विकास निर्माण कार्यमा सहयोग पुऱ्याउने । यसमा हिकोडेफले सम्बन्धित स्थानीय निकायको निकट निगरानीमा सामाजिक तथा प्राविधिक सहजिकरणको भूमिका निवार्ह गर्ने गर्दछ ।

## ३. उद्देश्यहरु

- ग्रामीण क्षेत्रमा सामाजिक विकासकारुपले अति विपन्न र वञ्चितिमा परेका समुदायको झो.पु.को माग संकलन गरी ती समुदायको विकास निर्माण कार्यमा सहयोग गर्ने ।
- विद्यालय स्तरका बालबालिकाहरुलाई दैनिक आवत जावत गरी नियमित शिक्षा आर्जन गर्ने वातावरण तयारी गर्ने ।
- सम्बन्धित स्थानीय निकायको सामन्जस्यतामा योजना तर्जुमा, प्राथमिकिकरण, कार्यान्वयनमा सहजिकरण गरी कार्यक्रमलाई अगाडि बढाउने ।
- गा.पा./न.पा. एवम् अन्य सरकारी, गैर सरकारी संस्थाले वढि समावेशी, नीति र तिनको काम गर्ने तरिका, व्यवहार, शैली, प्रवृतिमा सकारात्मक परिवर्तन ल्याई संस्थागत, नीतिगत, कानुनी एवं संरचनागत सुधार एवं परिवर्तन ल्याउन सक्षम वनाउने ।
- सामाजिक विकास निर्माण प्रति समुदायको दायित्व र कर्तव्य निर्वाह गर्ने भूमिका वारे सचेत गराउने ।
- समुदायलाई झो.पु. निर्माण प्रक्रिया बारे जानकारी गराई सामाजिक तथा प्राविधिक सहयोग गरी विकास निर्माण कार्यलाई सबल, सक्षम र दीगो तरिकाले अगाडि बढाउन प्रेरित गराउने ।



झो.पु निर्माण चरणमा गरिएको सार्वजनिक समिक्षा कार्यक्रमको झलक, नारायणचोक, बर्दघाट

## ४. झो.पु. निमार्ण प्रक्रिया तथा क्रियाकलापमा हिकोडेफको भुमिका:

स्थानीय समुदायहरुमा पुल निर्माण कार्य शुरु गर्नु भन्दा अगाडि समुदायको माग र आवश्यकता वास्तविक छ वा छैन भनी हिकोडेफबाट प्रारम्भिक रुपमा स्थलगत अध्ययन गरेर मात्र निम्न चरणहरु पुरा गरिन्छ । यदि माग भएको झो.पु. १२० मिटर लम्बाई सम्मको भएमा निम्न बमोजिम कामहरु अगाडी बढाईन्छ, र सो भन्दा बढि भएमा अर्कै प्रक्रिया मार्फत अघि बढ्छ ।

### ➢ निमार्ण पुर्व चरण

- गा.पा./न.पा., PTAP सँग संयुक्त रुपमा बसेर छलफल
- माग संकलन ।
- सामुदायिक भेला, उपभोक्ता समिति गठन ।

- सामाजिक मुल्यांकन तथा विस्तृत सर्वेक्षण ।
- सार्वजनिक सुनुवाई ।
- पुलको डिजाईन, ईस्टिमेट, नक्शा तयार ।
- पुलको डिजाईन, ईस्टिमेट, नक्शा स्वीकृति गराउने ।
- गाउँपालिका/नगरपालिका र उपभोक्ता समितिवीचको सामुदायिक सम्झौता ।
- स्टिल पार्ट्सको टेन्डर तथा खरिद प्रक्रियाको ताकेता
- नमुना झो.पु. तालिम ।

### ➢ निमार्ण चरण

- स्थानीय सामाग्री संकलन देखि पुलको सम्पुर्ण जडान सम्पन्न गर्ने सम्मको कार्य ।
- अभिलेख तथा लेखा र योजना खाता अध्यावधिक (सामाजिक तथा प्राविधिक कार्य)
- सार्वजनिक समिक्षा (झो पु को लट्ठा तान्ने कार्य सम्पन्न भएपछि अघिल्लो चरणमा गरेका कृयाकलापरुको सार्वजनिक समिक्षा हुने गर्दछ) ।

### ➢ निमार्ण पछिको चरण

- पुलको अन्तिम जाचँपास र समितिलाई कार्य सम्पन्न प्रमाण पत्र हस्तान्तरण ।
- सार्वजनिक लेखापरिक्षण ।
- नियमित मर्मतसंभार समिति गठन तथा पुल हेरालु चयन सहजिकरण ।
- पुल निमार्ण पश्चात समुदायमा पारेको असर अध्ययन ।
- समितिको विल भरपाई र प्रतिवेदन तयारीमा सहजीकरण ।
- प्रतिवेदन तयारी गरी सम्बन्धित निकायमा पेश गर्ने ।
- उपभोक्ता समितिले रकम पाएको वा नपाएको यकिन गर्ने र कामदार ज्याला भुक्तानी समेतको यकिन गर्ने ।



अन्तिम लेखापरिक्षण कार्यक्रमको झलक, सुनवल ४, चारघरे घाट

## ५. यस आ व मा सम्पन्न गरिएका क्रियाकलाप तथा प्राप्त उपलब्धीहरु

यस कार्यक्रमबाट आ.व. २०८१/०८२ मा निम्न बमोजिमका ४ वटा झो.पु.हरु निर्माण कार्य सम्पन्न भयो ।

| क्र. स. | झो.पु.को नाम | ठेगाना | प्रदेश | कैफियत |
|---|---|---|---|---|
| 1 | चारघरेघाट झो.पु. | सुनवल न.पा. ४ | लुम्बिनी प्रदेश | |
| 2 | मुरलीखोला | हुप्सेकोट ६ | गण्डकी प्रदेश | |
| 3 | खेईखोला | हुप्सेकोट ५ | गण्डकी प्रदेश | |
| 4 | नारायणचोक | बर्दघाट १४ | लुम्बिनी प्रदेश | |

- आगामी आ.व. २०८२/०८३ का लागि निम्न ७ वटा पुलहरु सञ्चालनमा रहने छन ।

| क्र.स. | झो.पु.को नाम | ठेगाना | प्रदेश | कैफियत |
|---|---|---|---|---|
| 1 | कहरे खोला रुखुन्दी | बुलिङटार १ | गण्डकी प्रदेश | |
| 2 | चरचरे खोला | बुलिङटार २ र ३ | गण्डकी प्रदेश | |
| 3 | डुम्रीकुना विसमुरे | बुलिङटार ३ | गण्डकी प्रदेश | |
| 4 | शान्ती पार्क | बुलिङटार ३ | गण्डकी प्रदेश | |
| 5 | खुमल्टार ज्यामिरे खोला | विनयीत्रिवेणी गा.पा.२ | गण्डकी प्रदेश | |
| 6 | बेलासपुर झो.पु. | पाल्हीनन्दन गा.पा. ३ | लुम्बिनी प्रदेश | |
| 7 | शंकरपुर झो.पु. | पाल्हीनन्दन गा.पा. १ | लुम्बिनी प्रदेश | |

- केही पुलहरुको हकमा भने समय क्रममा आउने परिवर्तनलाई आत्मसात गर्न विगतमा गरिएका तयारीहरुलाई पुनरावलोकन गर्नुपर्ने हुन्छ । आगामी आ.व. २०८२/०८३ मा निम्न ७ वटा पुलहरुको डिपिआर संशोधन तथा स्वीकृतिका लागि स्थानीय तहमा पहल गर्नुपर्ने देखिन्छ ।

| क्र.स. | झो.पु.को नाम | ठेगाना | प्रदेश | कैफियत |
|---|---|---|---|---|
| 1 | चवार्दी खोला झो.पु | बौदीकाली ६ | गण्डकी प्रदेश | |
| 2 | बबाक बजादा विर ओडार झो.पु. | बौदीकाली ५ | गण्डकी प्रदेश | |
| 3 | माझडाँडा ल्हापे | बौदीकाली ६ | गण्डकी प्रदेश | |
| 4 | धनफुरेघाट झो.पु. | बौदीकाली ४ | गण्डकी प्रदेश | |
| 5 | थर्पुघाट झो.पु. | बौदीकाली ४ र ५ | गण्डकी प्रदेश | |
| 6 | ढुंगीघाट झो.पु. | बौदीकाली ४ | गण्डकी प्रदेश | |
| 7 | देवचुली १ र १३ जोड्ने | देवचुली न.पा. | गण्डकी प्रदेश | |

## ६. समस्याहरु

- बजेटको अभाव: कतिपय स्थानीय निकायमा झो पु प्रयोजनका लागि बजेट नपुगेर आ.व. २०८१।०८२ मा काम सम्पन्न भएका पुलहरुको रकम माग पेश हुँदा समेत उपभोक्ता समितिले भुक्तानी पाउन सकेको

छैन । आगामी वर्षका लागि त सबै स्थानीय निकायमा झन न्युन रकम मात्र यस प्रयोजनका लागि छुट्याईएकाले काम गर्न अझ कठिन देखिन्छ ।

- स्थानीय निकायले बजेटको सुनिश्चता नगर्दा समयमा काम सम्पन्न हुन कठिन भएको छ ।
- कुनै कुनै स्थानीय निकायबाट समयमा गैसस छनौट हुन नसकेका कारणले पुल निर्माणको काम अगाडि बढाउन नसकेको ।

## ७. सुझावहरु

- आगामी आ व २०८२।०८३ को बजेटलाई हेर्दा कुनैपनि पालिकामा एउटा पुललाई समेत नपुग्ने रकम विनियोजन भएको देखिएकोले हरेक स्थानीय तहमा बजेटको लागि अनुरोध गर्ने र पुल निर्माण प्रक्रिया पालिकाको निर्णय बमोजिम जानुपर्ने देखिन्छ ।

## ८. यस आ व मा सम्पन्न भएका ४ वटा पुलहरुबाट प्रत्यक्ष लाभान्वित घरधुरी र जनसंख्या

| जातिगत विवरण | घरधुरी संख्या | | | लाभान्वित जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | **गरीव** | **गरीव बाहेक** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** |
| दलित | २०४ | ३६ | २४० | ८०५ | ७३९ | १५४४ |
| जनजाती | ३१० | १९२ | ५०२ | १७६१ | १६४९ | ३४१० |
| अल्पसंख्यक | | | | | | |
| ब्राम्हण क्षैंत्री, ठकुरी | ३६ | १६५ | २०१ | ६२९ | ५८२ | १२११ |
| जम्मा | ५५० | ३९३ | ९४३ | ३१९५ | २९७० | ६१६५ |

| **झो.पु.बाट रोजगारी सृजना गरेको कामदार संख्या** | | | | | | |
|---|---|---|---|---|---|---|
| **दलित** | **जनजाती** | **अल्पसंख्यक** | **ब्राम्हण क्षैंत्री, ठकुरी** | **महिला** | **पुरुष** | **जम्मा** |
| १६० | ७७८९ | 0 | १९६८ | १८९२ | ८०२५ | ९९१७ |

## SPICES – Catholic Relief Services

यस आर्थिक वर्षको जुन महिना देखी लागु हुने गरी हिमालयन सामुदायिक विकास मन्चले एउटा नयाँ विकास साझेदार संस्था संग नयाँ कार्यक्रम गर्ने सहमति गरेको छ । Catholic Relief Services (CRS) नामक सो विकास साझेदार संस्थाले गोर्खा, पाल्पा, नवलपरासी लगायतका जिल्लाहरुमा कृषिबन प्रर्वद्धन तथा बजार विस्तारमा सहयोग गर्ने अभिप्रायले विभिन्न जिल्लामा बेग्ला बेग्लै कृषि उपजमा आधारित रहेर कार्यक्रम संचालन गर्ने शुरुवात गरेको छ । नवलपरासीको हकमा भने हामी मुख्यतया अदुवा तथा कफि प्रर्वद्धनको क्षेत्रमा काम गर्नेछौं ।

यस परियोजना संचालनको अवधि ४-५ वर्ष जानसक्ने अपेक्षा गरिएतापनि तत्कालका लागि विभिन्न प्राविधिक कारणले गर्दा आगामी जुन देखी सेप्टेम्बर सम्म गरि ४ महिनाको लागि मात्र Pre Agreement Letter (PAL) मार्फत सम्झौता गरिएको छ। यस अवधिमा करिब ४० लाख रुपैयाको बजेटमा संचालन शुरु भएको सो कार्यक्रमका लागि आवश्यकता अनुसार सम्झौता अवधि थप गर्दै अगाडी बढिनेछ।   ।

## हिमालयन सामुदायिक विकास मन्च (हिकोडेफ) वार्षिक बजेट २०८१-०८२

| क्र. सं. | परियोजनाको नाम | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|
| १ | LFAP | | १५ सेप्टेम्बर २०२३ – १४ सेप्टेम्बर २०२४ |
| २ | STTP | रु. १९,४३,१६४ | १ मार्च २०२५ – ३१ डिसेम्बर २०२५ |
| ३ | झोलुंगे पुल कार्यक्रम | आवश्यकता अनुसार | पुलको प्रगतीमा निर्भर हुन्छ। |
| ४ | SPICES - CRS | रु. ४४,०६,४४६ | १ जुन २०२५ – ३० सेप्टेम्बर २०२५ |
| | जम्मा | | |

## कर्मचारी संख्या ०८१-०८२

| क्र. सं. | परियोजनाको नाम | कर्मचारी संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | महिला | पुरुष | पूर्णकालिन | आंशिक | जम्मा |
| १ | **हिकोडेफ आन्तरिक** | **०** | **१** | **०** | **१** | **०** | **१** | **०** | **१** |
| २ | LFAP/STTP | ० | ० | ३ | ० | ३ | १ | २ | **३** |
| ३ | झोलुंगे पुल कार्यक्रम | ० | १ | ० | ० | १ | १ | ० | **१** |
| ४ | SPICES | ० | २ | २ | १ | ३ | ४ | ० | **४** |
| | **जम्मा** | ० | ४ | ५ | २ | ७ | **७** | २ | **९** |

## धन्यवाद !